# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र


गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ८ सङ्ख्या: ३ मिति: २०८२/०९/०८


## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२
को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको
गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि
सर्वसाधारणको जानकारीको लागि प्रकाशन
गरिएको छ।

**संवत् २०८२ सालको कार्यविधि नं. ३**

## आकस्मिक बाली संरक्षण कोष सञ्चालन (पहिलो संशोधन) कार्यविधि २०८२

प्रस्तावनाः गौमुखी गाउँपालिका आकस्मिक बाली संरक्षण कोष सञ्चालन कार्यविधिमा संशोधन गर्न वाञ्छनीय भएकाले,

गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम आकस्मिक बाली संरक्षण कोष सञ्चालन (पहिलो संशोधन)कार्यविधि २०८२ रहेको छ ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **मूल कार्यविधिको दफा ३ को (घ) मा संशोधनः** मूल कार्यविधिको दफा ३ को (घ) मा रहेको देहायको

(घ) बाली नास भन्नाले - प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई कृषी उपजमा क्षती भएको अवस्थालाई सम्झनु पर्छ ।

भन्ने वाक्यांशमा कृषी उपज पछी "तथा पशु" थप गरी देहाए वमोजिमको व्यवस्था गरिएको छः-

(घ) बाली नास भन्नाले - प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सिर्जना भई कृषी उपज तथा पशुमा क्षती भएको अवस्थालाई सम्झनु पर्छ ।

३. **मूल कार्यविधिको दफा ६ को उपदफा (१) मा संशोधनः** मूल कार्यविधिको दफा ६ को उपदफा (१) मा रहेको देहायको

(१) आकस्मिक बाली संरक्षण सम्बन्धि कार्यक्रम सञ्चालन, आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक आकस्मिक बाली संरक्षण कोष सिफारिस समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष (अध्यक्ष)

ग) प्रमुख प्रशासकीय अधिकृत(सदस्य)

ङ) कृषी शाखा प्रमुख (सदस्य सचिव)

भन्ने व्यवस्था हटाई देहाए वमोजिमको व्यवस्था गरिएको छः-

(१) आकस्मिक बाली संरक्षण सम्बन्धि कार्यक्रम सञ्चालन, आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक आकस्मिक बाली संरक्षण कोष सिफारिस समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) पशु शाखा प्रमुख - सदस्य

(ङ) कृषी शाखा प्रमुख - सदस्य सचिव

स्पष्टीकरणः आकास्मिक बाली संरक्षण कोष सिफारिस समितिमा "सदस्य सचिव" को भुमिका निर्वाह गर्दा पशुसंग सम्बन्धीत विषयवस्तु भए पशु सेवा शाखा प्रमुखले गर्ने ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय